# सान्जेन जलबिद्युत कम्पनी लिमिटेड
धुम्बाराही, काठमाडौंको

## तेह्रौं, चौधौं र पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०९/०७**

यस कम्पनीको मिति २०८२/९/६ मा बसेको सञ्चालक समितिको ३३१ औं बैठकको निर्णय अनुसार यस कम्पनीको तेह्रौं, चौधौं र पन्ध्रौं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा बसी निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल पौष २९ गते मंगलवार (तद्अनुसार ई.सं. २०२६ जनवरी १३)

समय : विहान १०:०० बजे ।

स्थान : कुन्डलिनि दरवार ब्याक्वेट, चण्डोल, काठमाडौंमा सञ्चालन हुनेछ ।

**साधारण सभामा छलफल गरिने विषयहरूको सूची**

कम्पनीको तेह्रौं, (आ.व. २०७९/०८०), चौधौं (आ.व. २०८०/८१) र पन्ध्रौं (आ.व. २०८१/८२) वार्षिक साधारण सभामा निम्न बिषयहरुमा छलफल तथा निर्णय गरिनेछ:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.व. २०७९।८०, आ. व. २०८०।८१ र आ. व. २०८१।८२ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७९।०८०, आ.व. २०८०।०८१ र आ.व. २०८१।८२ को अषाढमसान्तसम्मको वित्तिय विवरणहरू (वासलात, आय विवरण, नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको सञ्चालक समितिको मिति २०८० माघ २ मा बसेको २७३ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरूप कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०।१०।०९ को स्वीकृति अनुसार लेखापरीक्षण समितिको सिफारिसमा लेखापरिक्षक श्री सुरेन्द्र वहादुर के.सी. चार्टड एकाउन्टेन्टलाई आ.व. २०८०।८१ को लागि बैधानिक लेखापरीक्षक नियुक्त गरी मूल्य अभिवृद्धि करवाहेक रू १,९५,०००।- (अक्षरेपी एक लाख पन्चानब्बे हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षण गराइएकोले सोको अनुमोदन गर्ने सम्वन्धमा ।

४. कम्पनीको सञ्चालक समितिको मिति २०८१ मंसिर २३ मा वसेको ३०२ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरूप श्री महालेखा परिक्षकको कार्यालयबाट प्राप्त मिति २०८२ वैसाख २५ को स्वीकृती र लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षक श्री सुरेन्द्र वहादुर के.सी., चार्टड एकाउन्टेन्टलाई आ.व. २०८१।८२ को लागि बैधानिक लेखापरीक्षक नियुक्त गरी मूल्य अभिवृद्धि करवाहेक रू १,९५,०००।- (अक्षरेपी एक लाख पन्चानब्बे हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षण गराइएकोले सोको अनुमोदन गर्ने सम्वन्धमा ।

५. आ.व. २०८२।८३ को हिसाब किताब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ती गर्ने सम्बन्धमा कम्पनीको सञ्चालक समितिको मिति २०८२ मंसिर २६ मा वसेको ३२९ औं वैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुप परामर्शका लागि श्री महालेखा परिक्षकको कार्यालयमा अनुरोध गरिएकोमा हालसम्म उक्त कार्यालयको स्वीकृती प्राप्त नभई सकेकोले पछि सो कार्यालयको राय परामर्श प्राप्त भएपछि सोही वमोजिम हुने गरी आ.व. २०८२।८३ को लेखापरिक्षक नियुक्तिको लागि लेखापरिक्षण समितिको सिफारिस भई सञ्चालक समितिबाट बैधानिक लेखापरिक्षक नियुक्त गर्न र मुल्य अभिवृद्धि करवाहेक रू १,९५,०००।- (एक लाख पन्चानब्बे हजार मात्र) लेखापरिक्षण शुल्क निर्धारण गर्न स्वीकृती दिने सम्बन्धमा ।

६. विशेष प्रस्ताव :
   - कम्पनीको नियमावलीको नियम २ र २७(२) मा संशोधन गर्ने सम्वन्धमा ।

७. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१) यस सान्जेन जलविद्युत कम्पनी लिमिटेडको मिति २०८२/०९/२९ गते हुने पन्ध्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/२० गते (एक दिन) शेयर दर्ता पुस्तिका बन्द रहने ब्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१८ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीका सेयर रजिष्ट्रार श्री सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा प्राप्त सेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरूले सो सभामा भाग लिन, छलफल गर्न तथा मतदान गर्न पाउने ब्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

२) साधारण सभामा भाग लिने प्रयोजनका लागि शेयरधनी हाजिरी पुस्तिका ९ बजे देखि खुला रहनेछ ।

३) कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरूले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

४) संयूक्त रूपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्वारा मनोनित गरिएको साझेदारले वा निजहरूले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

५) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

६) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरू हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि., नक्शाल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

७) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सो को सूचना सभा शुरू हुन भन्दा २४ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा दिनु पर्नेछ । नयाँ प्रतिनिधिको हकमा माथि बुँदा नं. ५ र ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

८) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा बुँदा नं. ७ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

९) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा सहभागी भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरू हुनु भन्दा २४ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

१०) साधारण सभा सम्वन्धि अन्य जानकारीका लागि कम्पनीको वेवसाइट www.sjcl.com.np मा हेर्न सकिनेछ ।

११) विविध शीर्षक अन्तर्गत प्रस्ताव राख्न चाहने शेयरधनीले आफूले प्रस्ताव राख्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको धुम्बाराही, काठमाडौं स्थित केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

**द्रष्टव्य: वार्षिक साधारण सभाको सूचना सहितको छलफलको विषय सूची यस कम्पनीको वेबसाइट www.sjcl.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।**